राष्ट्रिय आर्थिक दैनिक

www.karobardaily.com

# कारोबार

KAROBAR NATIONAL ECONOMIC DAILY

वर्ष ४ • अंक ३०१ • राष्ट्रिय संस्करण • मंगलबार, २५ मंसिर २०७० • Tuesday, 10 December 2013 • नेपाल संवत् ११३४ • पृष्ठ १२ • मूल्य ५ रुपैयाँ



## डा. पोषराज पाण्डे

**अध्यक्ष, सावती**

# सम्झौता नभएको भए डब्लूटीओमा ताला लाग्न सक्थ्यो

विश्वमञ्चमा नेपालको सहभागिताका लागी विश्व व्यापार संगठन आवश्यक थियो र छ। भारतसँग दुईतिहाइ व्यापार भए पनि त्यसको आधार द्विपक्षीय व्यापार सम्झौता नै हो। डब्लूटीओको सदस्य हुँदा भारतसँग दुई पक्षीय व्यापार सन्धि नवीकरण नभए पनि डब्लूटीओका आधारमा व्यापार गर्न सकिन्छ, जसले गर्दा भारतसँग कुनै समस्या देखियो भने व्यापारमा सहज वातावरण तयार गर्न सकिने छ। डब्लूटीओमा गएर केही भएन भन्नुभन्दा पनि के हुन सकेन भन्नेमा कुरामा स्पस्ट हुनुपर्छ।

बाली सम्झौताले तत्काल कुनै असर नपार्ने भए पनि दीर्घकालमा राम्रै प्रभाव पार्छ। २००१ देखि दोहा राउन्डले काम नगरेको स्थितिमा बाली प्याकेज नभएको भए डब्लूटीओमा चाबी लगाए हुने अवस्था थियो।

डब्लूटीओ गफ गर्ने थलो मात्र होइन केही गर्न सक्छ भनेर प्रमाणित गर्ने स्थल पनि हो, जुन सम्भव भएको छ, र यसले विश्व व्यापारमा पुनर्ताजगी ल्याएको छ। डब्लूटीओले व्यापार प्रवर्द्धन गर्छ र अतिकम विकसित मुलुकहरूका समस्या समाधान गर्छ भन्ने मुख्य सोच हो।

यसले उत्पत्तिको मार्गनिर्देशन तयार गरेको छ र कमसेकम वस्तु तथा सेवाको उद्गमका बारेमा नैतिक दबाब सिर्जना गरेको छ।

सेवा छुट दिने कुरा उठिरहेको छ र यसमा केही कामहरू गर्न बाँकी नै छ।

डब्लूटीओको बाली सम्झौताबाट फाइदा लिने हो भने केही ऐन/नियमहरूमा परिवर्तन गर्नुपर्छ।

त्यसैगरी व्यापारका न्यूनतम सर्तहरू पूरा गर्ने किसिमले पूर्वाधारहरू निर्माण गरिनुपर्छ वा भएकै कतिपय प्रावधानहरूलाई सच्याउनुपर्छ। विशेषगरी प्रशासनिक अवरोधहरूलाई न्यूनीकरण आवश्यक छ।